हेलम्बु गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ८ संख्याः १६ मितिः २०८१।०८।१७

भाग-२

हेलम्बु गाउँपालिका

कार्यपालिकाबाट पारित मितिः २०८१।०८।१४

प्रमाणिकरण मितीः २०८१।०८।१७

## "पशुधन बीमा प्रिमियममा अनुदान कार्यक्रम संचालन कार्यविधि-२०८१"

**प्रस्तावनाः**

कृषि तथा पशुपालन व्यवसायमा भएका जोखिमहरु कम गरी कृषकहरुलाई व्यवसाय तर्फ आकर्षण गर्न कृषि क्षेत्रमा निजी तथा सहकारी क्षेत्रको लगानी बढाउन आवश्यक भएकाले कृषिको व्यवसायीकरणका लागि जोखिम न्यूनिकरण गरी कृषकले पशुपन्छीमा गरेको लगानीलाई सुरक्षित गर्न माछा र पशुपन्छी बिमा कार्यक्रममा कृषकले तिरेको बिमा प्रिमियम बापतको ८०% रकम संघीय सरकारले व्यहोर्दे आएको सन्दर्भमा यस हेलम्बु गाउँपालिकाले आ.व. २०८१/०८२ मा पशुधनको बिमा प्रिमियमबापत् कृषकले तिर्ने बीमा शुल्कको २०% बीमा प्रिमियम रकमको १००% रकम गाउँपालिकाले व्यहोर्ने गरि बजेट विनियोजन भई अनुसार कार्यक्रम कार्यन्वयन गर्न वाञ्छनीय भएकाले, हेलम्बु गाउँपालिकाले हेलम्बु गाउँपालिका भित्रका विभिन्न जातका पशु

व्यवसाय प्रवर्द्धन सम्बन्धमा व्यबस्था गर्न बनेको ऐन, २०७४ को दफा ३६ ले दिइएको अधिकार प्रयोग गरी गाउँपालिकाले पशुधन बीमा प्रिमियममा अनुदान कार्यक्रमलाई सरल, सहज, व्यबस्थित, प्रभावकारी र पारदर्शी रुपले कार्यान्वयन गर्न यो कार्यविधि जारी गरेको छ।

## परिच्छेद-१

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यस कार्यविधिको नाम "**पशुधन बीमा प्रिमियममा अनुदान कार्यक्रम संचालन कार्यविधि-२०८१**" रहेको छ।

(ख) यो कार्यविधि गाउँकार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषाः** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "कार्यविधि" भन्नाले बाली तथा पशुधन बीमा प्रिमियममा अनुदान कार्यक्रम संचालन कार्यविधि-२०८१ सम्झनुपर्नेछ।

(ख) "गाउँपालिका" भन्नाले हेलम्बु गाउँपालिकालाई सम्झनुपर्नेछ।

(ग) "पशु सेवा शाखा" भन्नाले हेलम्बु गाउँपालिकाको पशु सेवा शाखालाई सम्झनुपर्नेछ।

(घ) "पशुधन" भन्नाले घरपालुवा पशु र पन्छीहरु जस्तैः गाई, भैंसी, बाखा, भेडा, कुखुरा,याक,चौरीलाई सम्झनुपर्नेछ।

३. उद्देश्यः

(क) कृषकको काबुभन्दा बाहिरको परिस्थितिबाट हुन सक्ने सम्भावित जोखिम न्यूनिकरण गरी कृषकहरुलाई पशुपालनतर्फ आकर्षित गर्न सहयोग गर्ने।
(ख) पशुपालक कृषकहरूलाई पशु विमाको माध्यमबाट व्यावसायिक पशुपालनमा आकर्षण गरि पशुजन्य उत्पादन र उत्पादकत्व वृद्धि गर्ने।

## परिच्छेद-२

**४. कार्यक्रम संचालन हुने स्थानहरुः** यो कार्यक्रम हेलम्बु गाउँपालिका अन्तर्गतका सम्पूर्ण वडाहरुमा लागू हुनेछ।

**५. कार्यक्रमको अवधिः** यस कार्यक्रमको अवधि एक आर्थिक वर्ष सम्मको हुनेछ ।

**६. कार्यक्रम लागू हुने पशुपन्छीः**

(क) गाई
(ख) भैंसी
(ग) बाखा
(घ) भेडा
(ङ) बङ्गुर
(च) कुखुरा
(छ) याक
(झ) चौरी

**७. कार्यक्रम संचालनको लागि कृषक छनोटका आधारहरुः**

(क) हेलम्बु गाउँपालिका भिन्न रहि पशुपालन व्यवसाय गरेको हुनुपर्नेछ ।

(ख) बीमा ऐन, २०४९ बमोजिम दर्ता भएको बिमा कम्पनीबाट बीमा गरेको हुनुपर्नेछ ।

(ग) बजेट विनियोजित भएको आर्थिक वर्षभित्र बीमा गरिएको हुनुपर्नेछ ।

**८. कार्यक्रम संचालन प्रकियाः**

(क) कार्यक्रमको बजेट स्वीकृत भएपछि हेलम्बु गाउँपालिका कृषि तथा पशु सेवा शाखाले अनुसूची-१ बमोजिम सार्वजनिक सूचना आह्वान गर्नेछ ।
(ख) अनुदान प्राप्त गर्ने इच्छुक कृषकले बाली तथा पशुपन्छी बीमा गरी कृषि तथा पशु सेवा शाखाले उपलब्ध गराएको अनुसूची-२ बमोजिम ढाँचाको निवेदन पेश गर्नुपर्नेछ।
(ग) पशु सेवा शाखाल पालिका क्षेत्र भित्र क्रियाशिल रहेको, बीमा ऐन, २०४९ बमोजिम वीमा कारोबार गर्न इजाजत प्राप्त इन्स्योरेन्स कम्पनी विच पशु बीमा सम्बन्धी दुई पक्ष वीचको अनुसूचि ३ बमोजिम सम्झौता गरि कार्यक्रम सञ्चालन गर्नेछ।
(घ) कृषि तथा पशु सेवा शाखाको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतबाट निवेदन स्वीकृत गरिनेछ।
(ङ) अषाढ मसान्त अगावै यस कार्यक्रमको लागि विनियोजित सम्पूर्ण बजेट खर्च भएमा कार्यक्रम स्वतः समाप्त हुनेछ।
(च) पशुधन बीमा कार्यक्रमबाट कृषकहरुले कृषि तथा पशु बीमा प्रिमियम बापत् तिर्ने बीमा शुल्कको २०% रकमको १००% रकम हेलम्बु गाउँपालिकाले उपलब्ध गराउँनेछ।

## परिच्छेद-३

**९. भुक्तानी प्रकियाः**

(क) पशुधन बीमाको प्रिमियममा अनुदान कार्यक्रमको भुक्तानी प्रकिया पशु सेवा शाखाको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत गरि पशु सेवा शाखाले लेखा शाखाबाट एकमुष्ठ रुपमा अनुमानित रकम पेश्की लिई कार्यक्रम सञ्चालन गरिनेछ।

(ख) कृषकको घर गोठमा गएर पशु बीमा गराए पश्चात बीमाको प्रिमियम रकम कम्पनीलाई भुक्तानी गरी बीमा पोलिसि एकमुष्ठ रुपमा लेखा शाखामा बुझाउनेछ।

## परिच्छेद-४
## विविध

**१०. अभिलेख राख्नु पर्नेः** पशु सेवा शाखाले विमा रकम प्राप्त कृषक,कृषक फर्म तथा समुहको अभिलेखको सबै विवरण राख्नुपर्नेछ।

**११. अनुगमन तथा मुल्याङ्कनः** पशु सेवा शाखाले आवश्यकता अनुसार कार्यक्रमको अनुगमन र मुल्याङ्कन गर्नुपर्नेछ ।

**१२. प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख भएका बुँदाहरु प्रचलित कानून बमोजिम नै हुनेछ ।

**१३. संशोधनः** यस कार्यविधिको कार्यन्वायनमा कुनै बाधा अड्चन परेमा गाउँ कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

अनुसूची-१

**पशुधन बीमाको प्रिमियमको अनुदान कार्यक्रमको लागि दरखास्त आह्वानको सूचना**

**प्रथम पटक सूचना प्रकाशन मितिः**

हेलम्बु गाउँपालिका पशु सेवा शाखाको आ.व. २०८१।८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषकको काबुभन्दा बाहिरको परिस्थितिबाट हुन सक्ने सम्भावित जोखिम न्यूनिकरण गरी कृषकहरुलाई व्यवसायिक पशुपालन तर्फ आकर्षित गर्न सहयोग गर्न पशुधन बीमाको प्रिमियमको अनुदान कार्यक्रम अनुसार तोकिए, बमोजिमका मापदण्डहरु पुरा गरेका कृषकहरुबाट आवेदनका लागि यो सूचना प्रकाशित गरिएको छ। इच्छुक कृषकले यो सूचना प्रकाशन भएको मितिले कार्यक्रम समाप्तिको सूचना प्रकाशन नहुँदा सम्म तोकिएको ढाँचा अनुसारको आवेदन फारम पशु सेवा शाखामा पेश गर्नुहोला । विस्तृत जानकारीको लागी हेलम्बु गाउँपालिकाको पशु सेवा शाखामा सम्पर्क राख्नुहुन अनुरोध छ।

**मापदण्ड/आधारहरुः**

- हेलम्बु गाउँपालिका भित्र कृषि तथा पशुपालन व्यवसाय गरेको हुनुपर्नेछ।
- बीमा ऐन, २०४९ बमोजिम दर्ता भएको बीमा कम्पनीबाट बीमा गरेको हुनुपर्नेछ ।
- बजेट विनियोजन भएको आर्थिक वर्षभित्र बीमा गरेको हुनुपर्नेछ ।

**आवश्यक कागजातहरुः**

- हेलम्बु गाउँपालिका कृषि तथा पशु सेवा शाखाले उपलब्ध गराएको ढाँचाको निवेदन।
- पशु बीमा प्रमाणपत्रको प्रतिलिपि ।
- वडा कार्यालबाट हेलम्बु गाउँपालिका भित्र कृषि था पशुपालन गरेको व्यहोरा सहितको सिफारिस पत्र
- दर्ता फर्म भएमा फर्म दर्ता प्रमाण-पत्रको प्रतिलिपि ।

अनुसूची-२

मितिः

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
हेलम्बु गाउँ कार्यपालिकाको कार्यालय,
हेलम्बु, सिन्धुपाल्चोक ।

विषयः **पशुधन बीमा प्रिमियममा अनुदान कार्यक्रममा सहभागी हुने बारे।**

प्रस्तुत विषयमा यस हेलम्बु गाउँपालिकाको पशु सेवा शाखाको आ.व. २०८१।८२ मा स्वीकृत पशुधन बीमा प्रिमियमको अनुदान कार्यक्रममा सहभागिताको लागि तपसिलका कागजातहरु संलग्न राखि यो निवेदन पेश गरेको छु।

तपसिलः

१. नागरिकताको प्रतिलिपि थान-१

२. रु. १० को हुलाक टिकट सहित निवेदन

निवेदक

हस्ताक्षरः

कृषकको नाम, थरः

कृषकको ठेगानाः

मोबाइल नः

## अनुसूचि-३

## हेलम्बु गाउँपालिका र बीमा ऐन, २०४९ बमोजिम वीमा कारोबार गर्न इजाजत प्राप्त इन्स्योरेन्स कम्पनी विच पशु बीमा सम्बन्धी दुई पक्ष वीचको सम्झौता

वागमती प्रदेश सिन्धुपाल्चोक जिल्ला श्री हेलम्बु गाउँपालिकामा पशुवीमा सम्बन्धी प्रचार प्रसार र यसको महत्व वारेमा निम्न स्तरका कृषकहरु सम्म यो पशुवीमा वारेमा जानकारी र सुविधा कृषकहरु माझ पु्याउने उदेश्यले हेलम्बु गाउँपालिका (यस पछि प्रथम पक्ष भनिने) र बीमा ऐन, २०४९ बमोजिम वीमा कारोबार गर्न इजाजत प्राप्त श्री हिमालयन एभरेष्ट इन्स्योरेन्स कम्पनी लिमिटेड, थापागाउँ काठमाण्डौ(यसपछि दोश्रो पक्ष भनिने) बीच पशुधनहरूको बीमा गर्न गराउने कार्य सरल रुपमा गर्न तल उल्लेखित शर्तहरूको अधिनमा रहि मिति २०८१।०८।२४ गते देखि लागु हुने गरी यो सम्झौतामा दुई पक्षको सहमति भएकोले सहि छाप गरी १,१ प्रति बुझी लियौं,दियौं ।

**सम्झौता कायम रहने मितिः २०८१ मंसिर २४ गते देखि २०८२ असार मसान्त सम्म**

१. प्रथम पक्ष अन्तर्गतका सबै कृषकहरुको दोश्रो पक्षले बीमा गर्नेछ। यसरी बीमा गर्दा बीमा प्राधिकरण निर्देशन बमोजिम दोश्रो पक्षले बीमा सेवा उपलब्ध गराउने छ ।

२. बीमा दर तथा बीमाका शर्तहरु बीमा प्राधिकरण निर्देशिका तथा परिपत्रहरू अनुसार हुने छ ।

३. यो सम्झौता बमोजिम जारी भएको बीमालेख जारी भएको मितिले १ वर्षका लागी लागु हुने छ। उक्त बीमालेखहरु दुवै पक्षको सहमतिमा आगामी आर्थिक वर्षमा पनि नविकरण गर्न सकिने छ ।

४. बीमा दावी सम्बन्धमा कुनै विवाद आएमा वीमीत, प्रथम पक्ष र दोश्रो पक्षको प्रतिनिधिको रोहबरमा बीमालेखको शर्त तथा अवस्थाको अधिनमा रहि दावी फछ्र्योट गर्ने कार्यहरु गर्ने छन ।

५. दोश्रो पक्षले प्रथम पक्षको पशुधनको बीमा गर्दा निम्न अनुसारको कार्यहरु गर्ने छन ।

क. दोश्रो पक्षवाट तोकिएको कार्य क्षेत्रहरुमा पशु बीमा संचालन गर्नुका साथै प्रथम पक्षले तोकिएको कार्य क्षेत्र वाहेक अन्य स्थानमा संचालन गर्ने कार्यक्रममा आवश्यकता अनुसारको दोश्रो पक्षले पशुधन बीमा कार्यक्रम संचालन गर्नेछ ।

ख. प्रथम पक्षले उल्लेख गरेको कार्य क्षेत्र भित्र रहेका समुदाय घरधुरी तथा कृषकहरुलाई दोश्रो पक्षले बीमा बारे आवश्यक परामर्श र सुझाव उपलव्ध गराउने छ।

ग. बीमा गरिने पशुधनहरुको पहिचानको लागि संकेत पट्टा (कानमा लगाउने ट्याग) लगाउने कार्य दोश्रो पक्षले गर्नेछ ।

घ. यस सम्झौता अनुरुप जारी भएका बीमालेखहरुको दावी भूक्तानीको अभिलेख राखि मासिक विवरण प्रथम पक्षलाई उपलव्ध गर्ने कार्य दोश्रो पक्षले गर्नेछ ।

ङ. बीमालेखको आधिकारीक प्रति वीमितलाई तथा सोको प्रतिलिपी हेलम्बु गाउँपालिकालाई प्रदान गर्ने कार्य दोश्रो पक्षले गर्नेछ ।

६. यस सम्झौतामा पत्र अनुसार गरिने पशुधन बीमा कार्यमा प्रथम पक्षले निम्न अनुसारको कार्यहरु गर्नेछ ।

क. पशुधन बीमा कार्यक्रम संचालन गरिने समुदायमा आवश्यक तयारी तथा स्थानीय सरोकारवाला निकायसंग आवश्यक समन्वय गर्ने कार्य प्रथम पक्षले गर्नेछ ।

ख. बीमा गर्दा बीमा गर्ने कृषकहरुको सुची तथा नामावली प्रथम पक्षले उपलव्ध दोश्रो पक्षलाई गराउने छ ।

ग. बीमा शुल्क बीमालेख जारी गर्नु पूर्व बीमा समितिको नियमानुसार दोश्रो पक्षलाई प्रथम पक्षले भुक्तानी गर्नेछ।

घ. बीमा हुने क्षेत्रमा दोश्रो पक्षका कर्मचारी परिचालन मार्फत बीमालेख जारी गरेको आधारमा स्थलगत निरिक्षण अनुगमन गर्ने कार्य गर्न प्रथम पक्ष सहयोग गर्नेछ ।

७. बीमा शुल्क सम्बन्धी व्यवस्था

(क) पशुपन्छी वीमा प्रिमियम नेपाल वीमा प्राधिकरणले तोकिए वमोजीम हुनेछ।

(ख) बीमालेख प्रथम पक्षले र सीमित दोश्रो पक्षलाई अनुदानको व्यवस्थापछि हुन आउने शुल्क भुक्तानी भएको आधारमा बन्नेछ र सोको प्रतिलिपिको १ प्रति प्रथम पक्षलाई मासिक अभिलेखसंग हस्तान्तरण हुनेछ ।

(ग) बीमाङ्क निर्धारण गर्दा वीमाङ्क र बीमीत विचको आपसी समाजदारीमा हुनेछ। (घ) बीमा शुल्क भुक्तानी प्रकृया दोश्रो पक्षलाई नेपाल वीमा प्राधिकरणको नियमानुसार भूक्तानी गर्नेछ।

८. यो सम्झौता पत्र कुनै एक पक्षले रद्ध गर्न चाहेमा १ महिना अगाडी सुचना दिई रद्ध गर्न सक्नेछ ।

९. उपरोक्त माथि लेखिएको बूँदाहरुमा कुनै विवाद आएमा दुवै पक्षका आधिकारीक प्रतिनिधीहरु बसी समस्या समाधान गर्न सकिनेछ।

१०. यो सम्झौता प्रथम पक्षले अन्य बीमा कम्पनी संग सम्झौता गरी छुट्टै क्षेत्र वा समुदायको लागि आवश्यक परेमा अन्य बीमा कम्पनी संग कार्य गर्नको लागि बाधक हुने छैन ।

११. माथि उल्लेख भएका बुँदाहरु प्रचलित बीमा ऐन बाली तथा पशुपन्क्षी निर्देशिका २०७९ बमोजिम हुनेछ।

१२. अन्य कुराहरु प्रचलित ऐन बमोजीम हुनेछ।

| | |
|---|---|
| दोश्रो पक्षवाट | प्रथम पक्षवाट |
| हस्ताक्षरः | हस्ताक्षरः |
| नाम थरः | नाम थरः |
| पदः | पदः प्रमुख प्रशासकीय अधिकृत |
| संस्थाको छापः | गाउँपालिकाको छापः |

रोहवर
नामः
पदः

इति सम्बत साल महिनाको गते शुभम् ।

प्रमाणीकरण मितिः २०८१/०८/१४

आज्ञाले

राजुभाइ श्रेष्ठ

प्रमुख प्रशासकीय अधिकृत